
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३४२ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०७९ पुस २६ गते मंगलबार ❑ 10 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## गण्डकी प्रदेशको मुख्यमन्त्रीमा अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, २५ पुस

गण्डकी प्रदेशमा खगराज अधिकारी नियुक्त भएका छन् । स्वतन्त्र सांसद राजीव गुरुङ (दीपक मनाङे) सहित ३३ जनाको समर्थनमा मुख्यमन्त्रीको गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङ समक्ष दाबी पेश गरेसंगै अधिकारीले सोमबार नै नियुक्त हुदै पद तथा गोपनीयताको शपथ लिएका हुन ।

उनी प्रदेशको तेश्रो मुख्यमन्त्री बन्न सफल भए । यसअघि पृथ्बीसुब्बा गुरुङ र कृष्ण चन्द्र नेपाली पोखरेल मुख्यमन्त्री भएका हुन् । नेकपा एमाले स्थायी कमिटी सदस्य तथा संगठन विभाग प्रमुख समेत रहेका पूर्व गृह तथा स्वास्थ्य मन्त्री अधिकारी कास्की १ (१) बाट निर्वाचित भएका हुन् । प्रदेशमा थप तीन मन्त्री समेत नियुक्त भएका छन् । नियुक्त भएका तीन पार्टीका विना विभागीय मन्त्रीको रुपमा सोमबार नै शपथ लिएका हुन् । नवनियुक्त मन्त्रीहरुमा माओवादी केन्द्रका संसदीय दल नेता हरिबहादुर चुमान, एमालेबाट सीता सुन्दास र राप्रपा संसदीय दलका नेता पञ्चराम गुरुङ रहेका छन् । माओवादी संसदीय दलका नेता चुमान दोस्रो पटक प्रदेश सभामा निर्वाचित हुदै दोश्रो पटक मन्त्री बनेका हुन् । प्रदेशको पहिलो मुख्यमन्त्री पृथ्बीसुब्बा गुरुङको नेतृत्वमा बनेको सरकारको पाला करिब साँढे ३ बर्ष आन्तरिक मामिला तथा कानुनमन्त्रीको जिम्मेवार सम्हालेका छन् । चुमान तनहुँ १ को प्रदेश सभा २ बाट निर्वाचित भएका हुन् । एमाले केन्द्रीय सदस्य समेत रहेकी सुन्दास यसअघि जिल्ला समन्वय समिति स्याङ्जा प्रमुख हुन। सुन्दासले स्याङ्जा १ को प्रदेश सभा १ बाट चुनाव जितेकी हुन् । राप्रपाका गण्डकी प्रदेश अध्यक्ष समेत रहेका पञ्चराम तमु समानुपातिक निर्वाचन प्रणालीबाट पहिलो पटक प्रदेश सांसद भए लगत्तै मन्त्रीमा नियुक्त भएका हुन् । उनको नाम जनजातितर्फ १ नम्बरमा थियो । तमुसँगै राप्रपाबाट विन्दु पहाडी पनि समानुपातिक बाट प्रदेश सांसद बनेका हुन् ।



सत्तारुढ दलको बाडफाँड हुदाँ गण्डकी प्रदेशको मुख्यमन्त्री एमालेलाई दिइने सहमति भए अनुरुप अधिकारीले गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङ समक्ष आफ्नो दाबी पेश गरेका हुन् । ६० सदस्यीय गण्डकी प्रदेश सभामा एमालेका २२, माओवादीका ८, राप्रपाका २ र स्वतन्त्र सांसद राजीव गुरुङ (दीपक मनाङे) को एक सदस्य रहेका छन् । यस अघि मनाङे एकिकृत समाजबादीमा प्रबेश गरेका थिए तर उनले आफु हाल स्वतन्त्रमा पुनः फर्किएको बताएका छन् । उनी मनाङबाट सर्वसम्वत सांसद भएका हुन्। उनी पृथ्बीसुब्बा र कृष्णचन्द्र नेपाली पोखरेको नेतृत्वको सरकारमा रहदै प्रदेशको युवा तथा खेलकुद मन्त्रालय सम्हाल्दै आएका छन् ।

नवनियुक्त मुख्यमन्त्री नेता अधिकारी कास्की १ (१) बाट निर्वाचित हुनुभएको थियो । विसं २०७४ मा कास्की १ बट निर्वाचित भएर सङ्घीय ससंद्मा प्रतिनिधित्व गर्नुभएका अधिकारी विसं २०७८ वैशाख ३१ मा केपी शर्मा ओली नेतृत्वमा गठित सरकारको गृहमन्त्री बन्नुभएको थियो । दोस्रो संविधानसभाको निर्वाचनपछि सुशील कोइराला नेतृत्वको सरकारमा उहाँले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएको थियो ।

कास्कीको लेखनाथमा विसं २०१८ चैत २५ मा जन्मनुभएका अधिकारी विद्यार्थी राजनीति हुँदै सक्रिय राजनीतिमा होमिनुभएको थियो । विसं २०४० मा पृथ्वीनारायण क्याम्पस पोखराको स्ववियु सभापति हुँदै अनेरास्ववियु केन्द्रीय उपाध्यक्षसम्मको जिम्मेवारीमा पुग्नुभएको थियो । राजनीतिक मुद्दामा पटकपटक बन्दी जीवन बताउनुभएका अधिकारी एमाले कास्कीको अध्यक्षसमेत बन्नुभएको थियो ।

अधिकारीको संसदीय यात्रा विसं २०५१ देखि सुरु भएको थियो । उहाँ पार्टीको सचेतक, पोलिटब्यूरो सदस्य, गण्डकी प्रदेश संयोजक हुँदै अहिले स्थायी कमिटी सदस्य हुनुहुन्छ । अधिकारी एमालेको सङ्गठन विभाग प्रमुखसमेत हुनुहुन्छ । एमाले र माओवादी केन्द्रबीचको एकतापछि बनेको नेकपाकालमा उहाँले केन्द्रीय कमिटी सदस्य एवं गण्डकी प्रदेश सह-इञ्जार्चको जिम्मेवारी पाउनुभएको थियो ।

यसैबिच गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले आफ्नो पद जानु केही मिनेट अघि पोखरामा आयोजित पत्रकार सम्मेलन मार्फत प्रदेशमा उज्यालो र एक घर एक धारा अभियान सम्पन्न गर्न चाहेर पनि बजेट अभाव भएको बताए । प्रदेशका करिब २८ सय घर धुरीमा सोलार लाइट जडानको अन्तिम तयारी भएको तथा प्रदेशमा ९३ प्रतिशत जनताको पहुचमा एक घर एक धारा पुगेको उनले दाबी गरे ।

त्यस्तै प्रदेशकी निवर्तमान स्वास्थ्य तथा जनसङख्या मन्त्री मधुमाया गुरुङ अधिकारीले समेत सोमबार पत्रकार सम्मेलन गर्दै स्वास्थ्य जस्तो सम्बेदनशिल क्षेत्रमा जनशक्ति अभाव भएकोले त्यसको व्याबस्थापन गर्नु पर्ने बताइन् ।

## नेपाली जनताले असाधारण सङ्कल्पको अपेक्षा गरेका छन् : प्रधानमन्त्री दाहाल

रासस
काठमाडौं, २५ पुस

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले नेपाली जनताले हामीबाट असाधारण सङ्कल्पको अपेक्षा गरेको बताउनुभएको छ । “यो संसद् हाम्रो परीक्षाको केन्द्र पनि हो । परम्परागत अभ्यास र राजनीतिले मात्रै जनतामा जानसक्ने अवस्थामा छैनौं । हामीले बिर्सनु हुँदैन, हामी निरन्तर जनताको निगरानीमा छौं”, प्रधानमन्त्रीले भन्नुभयो, “मलाई विश्वास छ, हामी प्रतिक्रिया होइन, क्रियाको राजनीति गर्ने छौ । हामी साझा राजनीतिक लक्ष्यका साथ एक ठाउँमा उभिने छौं ।”

प्रतिनिधिसभाको पहिलो बैठकलाई सोमबार सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री दाहालले जनताका अपेक्षा, गुनासा चासो र चिन्तालाई नजिकबाट देखेकाले समस्या केलाएर बस्ने छुट नभएको बताउनुभयो । उहाँले भन्नुभयो, “हामीलाई समस्या केलाएर बस्ने छुट छैन, समाधानको सूत्र खोज्नुपर्नेछ। समाधानतर्फ अगाडि बढ्नुपर्नेछ ।” प्रतिनिधिसभामा लैङ्गिक, जातीय, धार्मिक, क्षेत्रीय प्रतिनिधित्व रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले यसले राष्ट्रको सच्चा प्रतिनिधित्व गरेको बताउनुभयो ।



प्रधानमन्त्री दाहालले फरकफरक राजनीतिक पृष्ठभूमिबाट आएको भए पनि जनतासँग गरेको सुशासन र समृद्धिको प्रतिबद्धता भने साझा रहेको उल्लेख गर्नुभयो । यसपटक प्रतिनिधिसभामा नयाँ दलको प्रवेश भएको स्पष्ट पार्दै उहाँले भन्नुभयो, “संसद् मा नयाँ अनुहार थपिनुभएको छ । बिना कुनै इर्ष्या म मनैदेखि भन्न चाहन्छु, तपाईंहरुको प्रवेश लोकतन्त्र र नागरिक सम्प्रभूताको जीत हो । तपाईंहरुमा पक्कै एउटा आवेग र केही गरी छाड्ने हुटहुटी छ । त्यो हुटहुटी नयाँ संसद्को पुँजी हो ।” उहाँले संसद्को शपथ ग्रहणका क्रममा देखिएको विविधताले नै गर्वको महसुस गराएको स्मरण गर्नुभयो । उहाँले नयाँ दल र अनुहारको आवेग रचनात्मक हुने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्री दाहालले भन्नुभयो, “तपाईहरुलाई स्वागत छ ।” उहाँले यो संसद्को अर्जुनदृष्टि सुशासन र समृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्री दाहालले भन्नुभयो, “केही हुँदैन भन्ने हिन भावनाका ठाउँमा गरे के हुँदैन भन्ने उत्साह जगाउनुछ ।” प्रधानमन्त्री दाहालले राजनीतिलाई भावना र उत्तेजनाभन्दा पर आर्थिक समृद्धिको महाअभियानमा केन्द्रित गर्नु तथा विभेद बहिष्करणलाई अस्वीकार गर्दै राष्ट्रिय एकता बलियो बनाउनुपर्नेमा जोड दिनुभयो ।

“आर्थिक क्रान्तिको साझा सङ्कल्प गर्दै समृद्ध र न्यायपूर्ण राष्ट्र निर्माण गर्नुछ”, उहाँले भन्नुभयो । प्रधानमन्त्री दाहालले प्रतिनिधिसभा सार्थक संवादको थलो बन्ने आशा व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “हाम्रा अभ्यासमा जनताले गौरव गर्ने वातावरण बन्नेछ । त्यो सङ्कल्प हामी सबैले लिनुपरेको छ ।” उहाँले राष्ट्रका आवश्यकताका बारेमा विवेकपूर्ण निर्णय लिनसक्ने अपेक्षा गर्नुभयो । प्रधानमन्त्री दाहालले जोड दिएर भन्नुभयो, “सहमति मात्रै होइन, हाम्रा मतभेदमा पनि मर्यादापूर्ण हुनेछन् । कम्तीमा पनि मेरो प्रयास र अपेक्षा यसैमा केन्द्रित हुनेछ ।” प्रधानमन्त्री दाहालले नयाँ संसद् नयाँ भाष्य स्थापना गर्न सफल हुने विश्वास व्यक्त गर्नुभयो ।




## सरकारको २१ बुँदे नीतिगत न्यूनतम कार्यक्रम

रासस
काठमाडौं, २५ पुस

आगामी छ महिनाभित्र नागरिता पाउन नसकेका नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने लक्ष्यलगायत महत्वपूर्ण विषय समेटिएको सरकारको साझा न्यूनतम कार्यक्रम सार्वजनिक भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार आयोजित कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘ प्रचण्ड’ को उपस्थितिमा सत्ता साझेदार दलका शीर्षनेताको समेत उपस्थितिमा नीति तथा कार्यक्रम सूचना प्रविधि नेपाल सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम सार्वजनिक गरिएको हो । सरकारले कुनै पनि नेपाली नागरिक नागरिकता प्रमाणपत्र पाउनबाट र नागरिकका अधिकार उपभोग गर्नबाट वञ्चित हुनु नपरोस् भन्ने सुनिश्चित गर्ने विषयलाई कार्यक्रममा समावेश गरिएको छ । सरकारले पूर्णता पाएको छ महिनाभित्र नेपाली नागरिकका सन्तानले नागरिकता नपाउने अवस्थाको अन्त्य गर्ने तथा संसद्को अधिवेशनबाट यथाशीघ्र नागरिकतासम्बन्धी अन्य समस्या समाधान गर्ने विषयलाई महत्वका साथ समावेश गरिएको छ । यसैगरी सबै नेपालीलाई एक वर्षभित्र राष्ट्रिय परिचयपत्र वितरण गरिसक्ने सरकारको योजना छ । लामो समयदेखि राष्ट्रिय परिचयपत्र वितरण गरिएको भए पनि अपेक्षित सफलता हासिल हुन नसकेपछि सरकारले यसलाई विशेष प्राथमिकतामा राखेको छ । सरकारको न्यूनतम साझा कार्यक्रममा सङ्घीय संसद्को अधिवेशनबाटै एक दर्जन नयाँ ऐन ल्याउने भएको छ । संसद्को पहिलो अधिवेशनबाट कम्तीमा एक दर्जन नयाँ ऐन तर्जुमा या विद्यमान ऐनमा समयानुकूल परिमार्जन गर्ने विषयलाई महत्वका साथ समेटिएको छ । त्यसमा सार्वजनिक खरिद ऐन, राष्ट्रिय महत्वका पूर्वाधार आयोजनाको शीघ्र कार्यान्वयनसँग सम्बन्धित ऐन (आवधिक ऐन), नागरिकतासम्बन्धी ऐन, सार्वजनिक यातायात सेवा ऐन, स्थानीय प्रशासन ऐन, सङ्घीय निजामती सेवा ऐन, स्वास्थ्य सेवा ऐन (गुणस्तरीय र पहुँचयोग्य स्वास्थ्य सेवा प्रवाहका लागि), शिक्षा सेवा ऐन (गुणस्तरीय र रोजगारमुखी शिक्षाका लागि), छाता विश्वविद्यालय ऐन, विदेशमा बस्ने नेपालीको मताधिकार सुनिश्चित गर्ने र विद्युतीय मतदानलगायत विषयलाई समावेश गर्ने व्यवस्थासहितको एकीकृत निर्वाचन ऐन, ई-गभरनेन्स (सरकारी काममा डिजिटल प्लेटफर्मको प्रयोग) सम्बन्धी ऐन छन् । सुशासन, प्रभावकारी सेवा प्रवाह र समृद्धिको अभियानमा बाधक रहेका नीति, ऐन तथा संरचना फेर्ने; अति राजनीतिकरणका कारण असक्षम बनेका राज्यका विभिन्न संस्थाहरूलाई पुनर्संरचना गरी सक्षम र व्यावसायिक बनाउने; राज्यका निकायबीच अन्तरनिकाय समन्वयको प्रभावकारी व्यवस्था गर्नेर कार्य सम्पादनको सुनिश्चितताका लागि प्रभावकारी अनुगमन गर्ने विषयलाई प्राथमिकतामा राएिको छ । अधिकारसम्पन्न उच्चस्तरीय आयोग गठन गरी त्यसको सुझाव र सिफारिसअनुरूप न्यायपालिकामा संरचनागत परिवर्तन र सुधार गर्ने एवं आम नागरिकले सहज, छरितो र निष्पक्ष न्याय पाउने सुनिश्चित गर्ने तथा नागरिक प्रशासन र सुरक्षा निकायलाई सक्षम, व्यावसायिक र जनताप्रति उत्तरदायी बनाउन विज्ञ सम्मिलित उच्चस्तरीय कार्यदल गठन गरी त्यसको प्रतिवेदनअनुरूप व्यापक सुधार प्रक्रिया अगाडि बढाउने विषयलाई सरकारले उच्च प्राथमिकतामा राख्नेछ । यही पुस १० गते नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘ प्रचण्ड’ को नेतृत्वमा गठित सरकारले मङ्गलबार विश्वासको मत लिन लागेको छ । त्यसको पूर्वसन्ध्यामा नै सरकारको न्यूनतम कार्यक्रम सार्वजनिक गरिएको हो । सरकारले नागरिकलाई राहत प्रदान गर्ने र सरकार भएको अनुमति गराउने लक्ष्यका साथ कार्यान्वयन गर्न सकिने विषयलाई मात्र कार्यक्रममा समावेश गरेको उल्लेख गरेको छ । सत्ता साझेदार दलका तर्फबाट उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलको संयोजकत्वमा कार्यदल नै बनाएर न्यूनतम कार्यक्रम तयार पारेको हो । कार्यदलले तयार पारेको प्रतिवेदन केही दिनपहिले शीर्षनेतालाई बुझाएको थियो ।

# एघारौं पोखरा महोत्सवको तयारी पुरा

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ पुस**

एघारौं पोखरा महोत्सवको सम्पूर्ण तयारी पुरा भएको छ। आयोजक युनाईटेड क्लवले सोमबार पत्रकार सम्मेलनको आयोजना गरी आगामी पुषको २७ देखी माघको ९ गतेसम्म पोखराको अमरसिंह चौरमा आयोजना हुने एघारौं संस्करणको महोत्सवको सम्पूर्ण तयारी पुरा भएको जनाएको हो।

एघारौं पोखरा महोत्सवको आम्दानीबाट पोखराको बीच भागबाट बग्ने सेनी नदी खोंचलाई एक साहसिक पर्यटकीय गन्तब्य निर्माण र युनाईटेड क्लवको आफ्नै जग्गा पोखरा २६ अर्चलेमा गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई लक्षित गरी निशुल्क शिक्षा प्रदान गर्ने गरी आवाशीय छात्राबास निर्मालाई जोड दिइने क्लवका महासचिव तथा एघारौं पोखरा महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए। महासचिव सुनारका अनुसार क्लवले लिएको शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धन र सेती नदी संरक्षणलाई निरन्तरता दिइने छ। महोत्सवमा प्रत्येक टिकटबाट एक रुपैया सेती नदी संरक्षणको लागी छुट्याइने छ। १३ दिन सम्म सञ्चालन हुने महोत्सवमा २ सय ५८ स्टल रहने र दुई देखी दुईलाख पचास हजार दर्शकले महोत्सवको अवलोकन गर्ने आयोजकले जनाएको छ। महोत्सवले देशको कला, संस्कृति, भेषभुषाको संरक्षण, शिक्षा, स्वास्थ्य, खेलकुद तथा पर्यटनको विकास गरी देशलाई समृद्धि तिर पुऱ्याउनु, विकसित सुचना प्रविधिको जानकारी सर्वसाधारण




समक्ष पुऱ्याउने, गण्डकी प्रदेशमा रहेका पर्यटकीय स्थानको बारेमा जानकारी दिदै आन्तरिक तथा बाह्य क्षेत्रमा उत्पादित वस्तुहरुको बजार सहजीकरण गराउने, सवै कलाकारहरुको प्रतिभा प्रस्फुटनमा सहयोग पुऱ्याउने, आर्थिक चलायमान गराई रोजगार सिर्जना गराउने, क्षेत्रगत बिकासमा टेवा पुऱ्याउने र उद्योगको प्रवर्द्धन गर्ने उद्देश्य लिएको महासचिव दिनेश सुनारले जानकारी दिए।

महोत्सवमा विभिन्न जाति, जनजातिका कला संस्कृतिको प्रदर्शनी, औधोगिक उत्पादनको प्रदर्शनी एवं बिक्री, हस्तकला सामानहरुको प्रदर्शनी एवं बिक्री, सूचना प्रविधीहरुको प्रदर्शनी एवं जानकारी, ब्यवशायीक संघ संस्थाहरुको सेवा बारे जानकारी, स्थानिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय उपभोग्य बस्तुहरुको प्रदर्शनी तथा उचित मुल्यमा बिक्री वितरण , पर्यटन प्रवर्द्धनका सामाग्रीहरुको प्रदर्शनी एवं जानकारी, पोखरा लगायत विभिन्न पर्यटकीय स्थलहरुको जानकारी, सामाजिक संस्थाहरुको परिचयन एवं जानकारी, नेपाली संस्कृति झल्कने नृत्य प्रस्तुती संगै कृषिका गतिविधीहरु सञ्चालन हुनेछन।

महोत्सवको आकर्षणमा लोकदोहोरी तर्फ बद्री पंगेनी, प्रजापति पराजुली, पुरुषोत्तम न्यौपाने, पशुपति शर्मा, रामजी खांड प्रिति आले, चोलेन्द्र पौडेल, ज्योती मगर, राजु परियार, चिज गुरुङ, अस्मिता डल्लाकोटी, कृष्ण अखेली, आलिफ खान लगायत स्थानिय कलाकारहरुको प्रस्तुती रहनेछभने कन्सर्ट तर्फ मन्त्र, लाहुरे, सविन राई एण्ड द फेरोह, छेवाङ लामा, भिटेन, मेलिना राई, दिक्षिता कार्की, झिल्के एण्ड द कम्पनी, अनुप्रस्था, अभय एण्ड द स्टीम इन्जीन्स, एएसएम र लोकल ब्याण्डहरुको प्रस्तुती रहने छ। त्यसैगरी हांस्य ब्यङ्ग्य प्रस्तुती, नेपाली संस्कृति झल्कने प्रस्तुती, बाल उद्यान, विद्यालय स्तरिय लोक नृत्य प्रतियोगिता, झांकी प्रदर्शनी लगायत विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरु रहनेछन। त्यसैगरी थप आकर्षणमा घोड सवार, चिडियाखाना अवलोकनको लागि सवारीको ब्यवस्था, भिआर नाइन डी, टिकटक प्रतियोगिता र विभिन्न मनोरन्जनका कार्यक्रमहरु हुनेछन। एघारौं संस्करणको पोखरा महोत्सवको मुख्य प्रायोजक रवि एण्ड सन्नी इण्डष्ट्रिज प्रालिको बेट्टर होम एपलाएन्सेस, प्रायोजकहरुमा रारा तयारी चाउचाउ, योकोहामा जापानिज ल्याङ्ग्वेज एण्ड ट्रेनिङ कन्सल्टेन्सी, वण्डर स्वीच एण्ड एससोरिज, युएनआइ एक्सपर्ट एलईडी लाइटिङ, युनाईटेड युथ सर्कल युएसए, सिजी हार्डवेयर एण्ड सप्लायर्स, स्काईलिंक टेक्नोलोजी, फिस्टेल ड्रिमपार्क रहेको छ। त्यसैगरी अफिसियल बैंकमा ग्रीन डेभलपमेन्ट बैंक, अफिसियल पानीमा एक्वा रिउस पानी, अफिसियल इन्टरनेटमा वर्ल्डलिंक कम्युनिकेशन प्रा.लि. आफिसियल इन्स्योरेन्समा सगरमाथा इन्स्योरेन्स रहेको छभने प्रवर्द्धकमा नेपाल टुरिजम वोर्ड र विशेष सहयोगी संस्थामा पोखरा महानगरपालिका, अमरसिंह मावि रहेको छ। त्यसैगरी सहयोगी संस्थामा युथ कम्युनिटी क्लव रहेको छ। त्यसैगरी मिडिया पार्टनर हरुमा एबीसि न्युज टेलिभिजन, फेवा टेलिभिजन, समाधान राष्ट्रिय दैनिक र एभरेष्ट एफएम ९३ मेघाहर्ज रहेका छ। महोत्सवमा शारिरीक अशक्त, बृद्धबृद्धा, एकल महिला, विदेशी पर्यटक, पत्रकार, ६ वर्ष मुनिका वालवालिका र सुरक्षाकर्मी (पोषाक सहित) हरुलाइ निः शुल्क प्रवेश गराइने छ। महोत्सवको गण्डकी प्रदेशका नव निर्वाचित गण्डकी प्रदेशको मुख्यमन्त्री खगराज अधिकारीले बुधवार दिनको साढे बाह्र बजे उद्घाटन गर्नेछन।

# पोखरा इलेक्ट्रोनिक्स संघमा नारायण

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ पुस**

पोखरा इलेक्ट्रोनिक्स व्यवसायी संघको शनिबार भएको २२ औं साधारणसभा तथा ११ औं अधिवेशनले नारायण सुवेदीको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चुनेको हो।

संघको वरिष्ठ उपाध्यक्षमा त्रिलोचन दाहाल, द्वितीय उपाध्यक्ष पोषबहादुर भुजेल, महासचिव चिन्तामणि खरेल, सचिव होमविलास सापकोटा र कोषाध्यक्षमा जनकराज सुवेदी छन्। सदस्यमा विदूर सापकोटा, सन्तोष श्रेष्ठ, ईश्वर रिमाल, दुर्गानाथ लामिछाने,



अमृत बराल, निर्मल गौतम र नरेन्द्र आचार्य छन्। नवनिर्वाचित अध्यक्ष सुवेदीले इलेक्ट्रोनिक्स क्षेत्रका समस्या पहिचान गरी ती समस्याको समाधान र व्यवसायिक हकहितका लागि सबैसँग सहकार्य गरी अघि बढ्ने प्रतिवद्धता गरेका छन्।

# 'पर्यटन क्षेत्रको विकासमा सक्रिय रहन्छु'

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ पुस**

गण्डकी प्रदेश सरकारका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेलले आफू मन्त्री पदमा नरहे पनि पर्यटन क्षेत्रको विकासमा सक्रिय रहने बताउनुभएको छ।

पोखरा पर्यटन परिषद्ले सोमबार आयोजना गरेको बिदाइ कार्यक्रममा उहाँले मन्त्रालयको जिम्मेवारीमा रहेको १७ महिने कार्यावधिमा पर्यटन व्यवसायीबाट धेरै कुरा आफूले सिकेको जनाउँदै धार्मिक पर्यटनलाई समेत ध्यान दिन आवश्यक भएको बताउनुभयो। नेपालमाआउनेअधिकांशभारतीय पयर्यटक धार्मिक आस्थाका रुपमा आउने भएकाले पनि हामीले धार्मिक पर्यटनको विकास गर्न जरुरी रहेकामा उहाँले जोड दिनुभयो।

निजी क्षेत्रलाई प्रोत्साहन गरे मात्र सरकार सफल हुने जनाउँदै कँडेलले सरकार निजी क्षेत्रसँग सहकार्य गर्दै अगाडि बढ्न जरुरी भएको बताउनुभयो। पोखरा क्षेत्रीय विमानस्थललाई सफल सञ्चालनका निम्ति गण्डकीवासीको योगदान महत्वपूर्ण हुने उहाँको भनाइ थियो। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका निर्देशक काशीराज भण्डारीले पोखरा क्षेत्रीय विमानस्थललाई अन्य विमानस्थलसँग जोड्न सके सफल भइने बताउनुभयो। भारत र चीनबाट मात्र पर्यटक ल्याउन सके पनि यहाँको पर्यटन उद्योग माथि उठ्ने उहाँको भनाइ थियो।

पर्यटन व्यवसायी तथा नेपाल पर्यटन बोर्डका पूर्व सदस्य गणेशबहादुर भट्टराईले भ्रष्टाचारकै कारण देशको विकास हुन नसकेको बताउनुभयो। सरकारले ल्याएका कार्यक्रमलाई सरकारकै कर्मचारीले अवरोध सिर्जना गर्ने गरेको गुनासोसमेत भट्टराईको छ।

# पुस २७ गते सार्वजनिक बिदा दिने सरकारको निर्णय

**रासस**
**काठमाडौं, २५ पुस**

सरकारले पृथ्वी जयन्तीको दिन यही पुस २७ गते सार्वजनिक बिदा दिने भएको छ।

सोमबार साँझ बसेको मन्त्रिपरिषद्को बैठकले २७ पुसमा सार्वजनिक बिदा दिने निर्णय गरेको विना विभागीयमन्त्री राजेन्द्र राईले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "मन्त्रिपरिषद्ले आज दुई वटा निर्णय गरेको छ, एउटा पृथ्वी जयन्तीको अवसरमा पुस २७ मा सार्वजनिक बिदा दिने र अर्को सरकारको न्यूनतम कार्यक्रम मन्त्रिपरिषद्बाट पास गर्ने र कार्यान्वयन गर्ने निर्णय गरेको छ।"

सत्ता साझेदार दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले राख्दै आएको मागलाई सम्बोधन गर्दै सरकारले २७ पुसमा बिदा दिने निर्णय गरेको हो। आज सार्वजनिक गरिएको सत्ता साझेदार दलहरूको न्यूनतम साझा कार्यक्रममा पनि २७ पुसमा सार्वजनिक बिदा दिने उल्लेख छ। सरकारको न्यूनतम साझा कार्यक्रमलाई आजको मन्त्रिपरिषद् बैठकले पारित गरेको छ। बडामहाराजाधिराज पृथ्वीनारायणशाहकोजन्मजयन्तीको अवसरमा विगतमा नेपालमा सार्वजनिक बिदा दिने प्रचलन रहेको थियो। तर २०६२/६३ को जनआन्दोलनपछि बिदा दिन छाडिएको थियो। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारलाई समर्थन गरिसकेको राप्रपाले न्यूनतम् साझा कार्यक्रम, कम्तीमा तीन मन्त्रालय र पृथ्वीजयन्तीलाई राष्ट्रिय दिवसका रूपमा मनाउनुपर्ने माग गर्दै आएको थियो।

## श्री भद्रकाली माध्यमिक विद्यालय
कुँडहर, पोखरा-१३

**श्री भद्रकाली माध्यमिक विद्यालयको मूल गेट निर्माण समितिको सूचना !**

मितिः २०७९/०९/२६

हामी सबैको प्यारो र ऐतिहासिक शैक्षिक संस्थाको रूपमा वि.सं.२००८ सालमा स्थापित् श्री भद्रकाली माध्यमिक विद्यालय कुँडहर, पोखरा-१३ कास्कीको गौरवपूर्ण इतिहास तथा भौतिक सुन्दरतालाई निरन्तरता दिनको लागि श्री भद्रकाली माध्यमिक विद्यालय मूल गेट निर्माणको जन अभियान प्रारम्भ गरिएको, यहाँहरु कै अथाह सप्रेम र सहयोगबाट आज विद्यालयको परीसरमा एउटा सुन्दर मूल गेट निर्माण कार्य पूरा भएको व्यहोरा यहाँहरू समक्ष राख्न पाउदा अत्यन्त हार्षित भएका छौं। साथै यहाँहरूका घर आँगनमा आई प्राप्त सहयोगका साथ अमुल्य राय, सल्लाह र सुझाव प्राप्त भएको व्यहोरा समेत हामी सबैमा अवगत नै छ। यहाँहरूबाट प्राप्त सहयोगको उच्च कदर गर्दै यहाँहरूबाट प्राप्त नाम, ठेगाना आदि विवरणलाई शिलालेखमा लेखी विद्यालयको उपयुक्त स्थानमा टाँस गर्ने, विद्यालय गेट निर्माण समितिको निर्णय बमोजिम यहाँहरूबाट प्राप्त भएको नाम, ठेगाना आदि विवरण टाइप गरी विद्यालयको सूचना पाटीमा टाँस गरिएको हुँदा २०७९ माघ २ गते सोमबार भित्र आई प्रस्तुत विवरणमा केही कमी-कमजोरी भएमा सम्बन्धित विवरण सच्चाई सहयोग गरिदिनु हुन हार्दिक अनुरोधका साथ यो सूचना प्रकाशित गरिएको छ।

**संयोजक**
**गेट निर्माण समिति**

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

- खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

*जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हार्डी

## सम्पादकीय

# गण्डकीमा मुख्यमन्त्री अधिकारी

गण्डकी प्रदेशमा नेकपा एमाले स्थायी कमिटी सदस्य खगराज अधिकारी मुख्यमन्त्री बनेका छन । गण्डकी प्रदेशमा पृथ्वीसुब्बा गुरुङ र कृष्ण चन्द्र नेपाली पोखेल पछि मुख्यमन्त्री बन्ने अधिकारी तेस्रो हुन । एमाले गण्डकी प्रदेश सभा संसदीय दलका नेता अधिकारी नेकपा माओवादी केन्द्र, राप्रपा र स्वतन्त्र सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका हुन।६० सदस्यीय प्रदेश सभामा ३३ जना सांसदहरूको समर्थनमा अधिकारीलाई प्रदेश प्रमुख पृथ्वीमान गुरुङले मुख्यमन्त्रीमा नियुक्त गरेका थिए । मुख्यमन्त्री अधिकारी सहित ३ मन्त्रीले पद तथा गोपनीयताको शपथ लिएका छन् । अधिकारीसँगै एमालेकी सीता सुन्दास, माओवादीकेन्द्रका हरिबहादुर चुमान र राप्रपाका पञ्चराम गुरुङलाई साथमा लिएर शपथ ग्रहण गरेका हुन् । उनीहरूको मन्त्रालय भने टुंगो लागेको छैन । गठबन्धनका दलहरूबीच मन्त्रालय भागबन्डा मिलाउन बाँकी छ । देशभरिबाट दलित महिला निर्वाचित हुने सीता सुन्दास एक्ली हुन।एमालेले पहिलोपटक दलित महिलालाई मन्त्री बनाएर सम्मान गरेको छ ।

सुन्दास स्याङ्जा १(१)बाट प्रदेश सभामा निर्वाचित भएकी हुन् । यसअघि स्याङ्जा जिल्ला समन्वय समितिकी प्रमुख भएकी सुन्दास राष्ट्रिय महासंघमा संस्थापक अध्यक्ष थिइन् । माओवादीबाट संसदीय दलका नेता हरिबहादुर चुमान पनि विना विभागीय मन्त्रीको रूपमा शपथ लिएका छन । मुख्यमन्त्रीका आकांक्षी देखाएका चुमान दोस्रो पटक गण्डकी प्रदेशका मन्त्रिपरिषद् सदस्य बनेका छन् । चुमान यसअघि पृथ्वी सुब्बा नेतृत्वका सरकारमा आन्तरिक मामिला तथा कानुनमन्त्री थिए । चुमान तनहुँ १(२)बाट प्रदेश सभामा निर्वाचित भएका हुन । राष्ट्रिय प्रजातन्त्र पार्टीले समानुपातिकमा २ सिट पाएसँगै सरकारमा समेत सहभागी भएको छ । केन्द्रमा सरकारलाई समर्थन गरे पनि अहिलेसम्म सरकारमा गइसकेको छैन । तर, गण्डकी २ सिट पाएको राप्रपा सरकारमा सहभागी भएको छ ।

मुख्यमन्त्री अधिकारीले पहिलेको भन्दा मन्त्रालय र मन्त्री घटाउने प्रतिबद्धता जनाएका छन । सानो आकारको मन्त्रीपरिषद् गठन गर्ने वाचा गरेपनि गठबन्धन दल र आफ्नै दल भित्र मन्त्रीका आकांक्षीलाई मिलाउनुपर्नेछ । सुरुमा ४ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका खगराजले विश्वासको मत लिएपछि मात्र मन्त्रिपरिषद् विस्तार गर्ने भएका छन् । संविधानले प्रदेश सभा सदस्यको २० प्रतिशत हुने गरी मन्त्री बनाउन पाइने व्यवस्था गरेको छ ।यहाँ अधिकतम १२ मन्त्री बनाउन पाइन्छ । सत्ता गठबन्धनको प्रारम्भिक भागबन्डामा प्रदेश सरकारमा मुख्यमन्त्रीसहित एमालेका ४, माओवादीका ४ र राप्रपाका १ जनालाई मन्त्री बनाउने तयारी छ । गण्डकी प्रदेशको स्थापना वर्षमा एमाले नेता पृथ्वी सुब्बा गुरुङ नेतृत्वको सरकारमा ७ मन्त्री थिए । गुरुङले ०७८ जेठ पहिलो साता कार्य विभाजन नियमावली संशोधन गरेर ८ मन्त्री बनाए । उनको सरकार ढलेपछि कांग्रेसका कृष्णचन्द्र नेपाली नेतृत्वको सरकारले १२ जना मन्त्री बनाएको थियो।धेरै मन्त्री बनाएको भन्दै विरोध भएको थियो ।

प्रदेशको भूमिका स्थापित गराउने भन्दै आएका अधिकारीले मितव्यी बन्ने रर जनतालाई सुशासनको प्रत्याभूति देखाउनुपर्नेछ। कार्यभार सम्हालेसँगै मन्त्रिपरिषद् बैठकले गण्डकी प्रदेशमा रहेका डायलायसिस सेवा आवश्यक पर्ने मिर्गौला पीडितलाई लक्षित गरी प्रदेश मातहतका अस्पतालमा डायलायसिस सेवा विस्तार गर्ने निर्णय गरेको छ । पदभार ग्रहण लगत्तै बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशको शासकीय क्षमता अभिवृद्धि गर्न सुशासन कायम गर्ने र सेवा प्रवाह सहज बनाउनका लागि सुझाव पेस गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बैठक तथा प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा कार्यदल गठन गर्ने निर्णय गरेको छ। यस्तै, बैठकले सरकारको प्रवक्तामा विना विभागीय मन्त्री सीता सुन्दासलाई जिम्मेवारी दिएको छ।सरकारमा सबै जाति, वर्ग र समुदायको प्रतिनिधित्व गराएर राम्रो सन्देश दिएको छ ।

# राष्ट्र बैंकको 'बिज मर्जर' नीति : १० वर्षमा १० वाणिज्य बैंक घटे

पोखरापत्र संवाददाता
पोखरा, २५ पुस

नेपाल राष्ट्र बैंकका अनुसार २०६९ को असार मसान्तसम्ममा नेपालमा वाणिज्य बैंकको सङ्ख्या ३२ थियो ।

पछिल्लो १० वर्षमा त्यो सङ्ख्या २२ मा झरेको छ । हालसम्म १० वाणिज्य बैंकको अस्तित्व सकिएको छ । आगामी माघमा थप दुई बैंक एकापसमा गाभिँदैछन् । राष्ट्र बैंकले लिएको 'बिग मर्जर'को नीतिअनुसार अन्य केही बैंकले पनि एकापसमा गाभिनका लागि पहल गरिरहेका छन् । चालु आर्थिक वर्षको पुसमा मात्र आठ बैंक एकापसमा गाभ्ने/गाभिने (मर्जर) प्राप्ति (एक्विजिसन) प्रक्रियामा गएर चार कायम भए । कुमारी बैंक र नेपाल क्रेडिट एण्ड कमर्स (एनसिसी) बैंक एकापसमा गाभिएर 'कुमारी बैंक लिमिटेड' का नामबाट पुस १७ गतेदेखि एकीकृत कारोबार सुरु भइसकेको छ । ग्लोबल आइएमई बैंक र बैंक अफ काठमाण्डु एकापसमा गाभिएर ग्लोबल आइएमई बैंक लिमिटेडका नामबाट पुस २५ गतेदेखि एकीकृत कारोबार सुरु हुँदैछ ।

त्यस्तै प्रभु बैंक लिमिटेडले सेन्चुरी बैंकलाई प्राप्ति (एक्विजिसन) गरेर 'प्रभु बैंक लिमिटेड' को नामबाट पुस २६ गतेदेखि एकीकृत कारोबार सुरु गर्दैछ। मेगा बैंक र नेपाल इन्भेस्टमेन्ट बैंक एकापसमा गाभिएर पुस २७ गतेबाट 'नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेड' का नामबाट एकीकृत कारोबार गर्दैछन् । हिमालयन बैंकले सिभिल बैंक लिमिटेडलाई प्राप्तिका लागि सहमति गरिसकेको भए पनि एकीकृत कारोबार भने सुरु भइसकेको छैन। दुवै बैंकले पुस २८ गतेका लागि वार्षिक साधारणसभा बोलाएका छन् । आगामी माघभित्रै एकीकृत कारोबार गर्ने यी बैंकको तयारी छ । नबील बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंकलाई प्राप्ति गरेर गत आर्थिक वर्षमै एकीकृत कारोबार सुरु गरिसकेको छ । त्यस्तै ग्लोबल आइएमई बैंकले २०७० चैतमा कमर्ज एन्ड ट्रस्ट बैंक र २०७६ मङ्सिरमा जनता बैंक गाभिसकेको छ । विसं २०७० असारमा एनआइसी बैंक र बैंक अफ एशिया गाभिएर एनआइसी एशिया बैंक बनेको थियो ।

प्रभु बैंकले २०७१ भदौमा किष्ट बैंक र २०७२ फागुनमा ग्राण्ड बैंक गाभेको थियो। सन् २०१२ अप्रिलमा नेपालमा बैंक तथा वित्तीय संस्थाको सङ्ख्या दुई सय २० सम्म पुगेको थियो। त्यसमध्ये ३२ वाणिज्य बैंक, ८८ विकास बैंक, ७७ वित्त कम्पनी र २३ लघुवित्त कम्पनी सञ्चालनमा थिए । पछिल्ला वर्षमा राष्ट्र बैंकले नै बैंक तथा वित्तीय संस्थाको सङ्ख्या घटाउँदै लैजाने नीति लिएको छ । राष्ट्र बैंकले २०२२ अप्रिलमा सार्वजनिक गरेको 'नेपालमा बैंक तथा वित्तीय संस्थाको उपयुक्त सङ्ख्या' (अप्टिमल नम्बर अफ बैंक्स एन्ड फाइनान्सियल इन्टिच्युसन इन नेपाल) अध्ययन प्रतिवेदनले नेपालका लागि ११ देखि १५ सम्म वाणिज्य बैंक उपयुक्त हुने देखाएको थियो ।

बैंक तथा वित्तीय संस्थालाई मर्जरमा लैजाने राष्ट्र बैंकको नीतिका पछाडि मुख्य तीन उद्देश्य रहेको राष्ट्र बैंकका प्रवक्ता डा गुणाकर भट्ट बताउनुहुन्छ । पहिलो पुँजी बढाउँदा संस्था बलियो हुने, दोस्रो–सञ्चालन खर्च घट्ने र तेस्रो– अस्वस्थ प्रतिस्पर्धा घट्ने छ । "बैंकको चुक्ता पुँजी बढाएर बलियो संस्था बनाउँदा उनीहरुले ठूला आयोजनामा लगानी गर्न सक्छन्, धेरै बैंकमा छुट्टाछुट्टै सञ्चालक समिति वा व्यवस्थापन रहनुभन्दा एउटै बैंकको संस्था थोरै हुँदा सञ्चालन खर्च घट्छ, अस्वस्थ प्रतिस्पर्धा घटेर उनीहरुले पालना गर्नुपर्न वित्तीय अवस्थाको गुणस्तरमा सुधार आउँछ", भट्टले भन्नुभयो । वित्तीय स्थायित्व सुदृढ गर्न बैंक तथा वित्तीय संस्थाको पुँजी बढाउनुपर्ने राष्ट्र बैंकले बताउँदै आएको छ । सन् १९९७-९८ को एशियाली आर्थिक सङ्कट र सन् २००७-२००८ को विश्व आर्थिक मन्दी पछिको अवस्थालाई हेरेर बैंक तथा वित्तीय संस्थाका नियामकले ' कम सङ्ख्याका तर बलियो' बैंक बन्नुपर्ने बहस सुरु भएको थियो ।

वित्तीय पहुँच, बजार प्रतिस्पर्धा र बजार क्षमता, बैंक तथा वित्तीय संस्थामा पुँजी पर्याप्तता (क्यापिटल एडिक्वसी), प्रविधिको प्रयोगलगायत विभिन्न अवस्थालाई हेरेर बैंक तथा वित्तीय संस्थाको संख्या घटाउनुपर्ने राष्ट्र बैंकको भनाइ छ । त्यस्तै मर्जर वा एक्विजिसन प्रक्रियाबाट बैंक तथा वित्तीय संस्थाको पुँजीको आधार विस्तार भई जोखिम बहन गर्नसक्ने क्षमता बढ्ने, सानो पुँजीका आधार भएका धेरै सङ्ख्याका संस्थाको सट्टामा थोरै सङ्ख्यामा सबल र सक्षम बैंक बनाउने नीति राष्ट्र बैंकको छ ।

बैंक तथा वित्तीय संस्थाको मर्जर र प्राप्तिका हकमा अब नेपाल राष्ट्र बैंकले प्रोत्साहनको नीतिभन्दा नियामकीय भूमिकालाई केन्द्रमा राखेर अघि बढ्नुपर्ने नेपाल बैंकर्स सङ्घका पूर्व अध्यक्ष भुवन दाहाल बताउनुहुन्छ । अहिले नेपालमा रहेका वाणिज्य बैंकको सङ्ख्यालाई घटाउन उनीहरुको व्यवस्थापकीय पक्ष र संस्थागत सुशासनलाई हेरिनुपर्ने उहाँको भनाइ छ । "राष्ट्र बैंकले कुनै निश्चित मानक राखेर त्यसैका आधारमा मर्जरको नीति लिनु उपयुक्त हुन्छ, त्यो मानक भनेको तोकिएका नीतिनियम पालना नगर्ने बैंकलाई मर्जरमा लैजाने र राम्रो सेवा दिइरहेका बैंकलाई त्यसका लागि बाध्यकारी नबनाउने हो", दाहालले भन्नुभयो । राम्रा बैंक धेरै भए पनि समस्या नहुने तर राष्ट्र बैंकको नीतिनियम पालना गर्न नसकेको बैंकलाई मर्जर वा प्राप्तिमा पठाइनुपर्ने उहाँको भनाइ छ ।

# अझै छ तत्कालीन बाइसे चौबिसे राजाले प्रयोग गरेको तोप

पोखरापत्र संवाददाता
बागलुङ, २५ पुस

बागलुङको जैमिनी नगरपालिकाको तीन वडाको सङ्गमस्थलमा रहेको माइकोस्थान नजिकैको तल्लो डाँडामा सानो सत्तलसँगै डुङ्गाले छाएको मन्दिर छ ।

मन्दिरको भित्र बाइसे चौबिसे राजाको पालामा प्रयोग गरेको हतियार तोपको मुख्य भाग राखिएको छ । भुरे टाकुरे राजाहरूले तत्कालीन अवस्थामा राज्य गरेको स्थानमा रहेको तोप सङ्कटमा परेको छ । जिल्लाको सबैभन्दा ठूलो राज्य रहेको तत्कालीन गलकोटे राजाहरूसँग लडाईंपश्चात् राज्य एकीकरण गरिएको भन्ने स्थानमा अहिले मन्दिरसँगै तोप रहे पनि संरक्षण हुन नसकेको स्थानीयको गुनासो रहेको छ ।

कोतमा राखिएको तोप संरक्षण अभावमा केही भाग विसं २०३० मा खेतमा भेटिएपछि स्थानीयले पुनः बोकेर कोतमा लिएर राखेको स्थानीयले बताएका छन् । जैमिनी -१० राङ्खानी, वडा-४ सर्कुवा र वडा-७ जैदीको सङ्गमस्थलमा रहेको १८ औं सताब्दीमा स्थापना गरिएको थन्थाप माइको मन्दिरमुनिको डाँडामा रहेको कोत घर र कोतघरमा रहेको तोप संरक्षणको पर्खाइमा रहेको स्थानीय नरविर थापाले बताउनुभयो ।

"कोतमा भुरे टाकुरे राजाहरूले प्रयोग गरेको तोप छ भन्दा अचम्म हुन्छ, तर अहिले तोकपको केही कोत मन्दिरभित्र गाडिएको अवस्थामा छ, तोपको केही भाग बाहिरै छ", उहाँले भन्नुभयो, "पुरानो सत्तल स्थानीयको पहलमा मर्मतसम्भार गरिएको छ, पुरातत्व विभागले अनुसन्धान गरेपछि तोप संरक्षणमा कुनै चासो दिएन, तोपलाई संरक्षण गरेर प्रदर्शन गर्नसके धार्मिक पर्यटक भित्रन सक्नेछन्, नगरपालिकाले चासो दिनुपर्दछ ।" मन्दिर क्षेत्र धार्मिक आस्था र विश्वासले मात्रै होइन, ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले पनि महत्वपूर्ण भए पनि तोप हराउने सम्भावना उत्तिकै छ । स्थानीयले तोप हराउने भएकाले गाडेर राखेका हुन् । थन्थाप माई मन्दिरदेखि एक किलोमिटर दूरीमा रहेको ऐतिहासिक कोत भवन संरक्षणको अभावमा भताभुङ्गजस्तै भएको छ ।

तत्कालीन भुरेटाकुरे राजाले आफ्नो सुरक्षाको लागि तयार गरेको गढी क्षेत्रको संरक्षण नहुँदा भग्नावशेषको रुपमा परिणत भएको हो । तत्कालीन राजाले आफ्नो दरबार, हतियार भण्डारण, विश्रमस्थल, रानीको सयन कक्ष तथा पूजास्थल, चौपारी, सेनाले पहरा दिने संरचना कतै पूर्णरुपले भत्किएको तथा कतै आधा पुरिँदा पहिचान गर्न नसक्ने अवस्थामा पुगेको स्थानीय टिकाराम आचार्यले जानकारी दिनुभयो । उहाँले कोतघर वरपर विभिन्न आकारका पर्खाल, सिँढी, ओखाललगायतका संरचना झाडीले पुरेर रुख उम्रेको उहाँको भनाइ छ ।

"यस क्षेत्रलाई संरक्षण गर्ने, उत्खनन गर्ने र केही जानकारीसहितको सूचना बोर्ड स्थापना गर्नेलगायतको कार्यका लागि नगरपालिकाले तगारुकता देखाउन सके पर्यटक आउन सक्ने छन्", उहाँले भन्नुभयो, "कुनै सानो कुराको प्रचारप्रसार भएको देखिन्छ, यहाँ बाइसे चौबिसे राजाहरुले पड्काएको तोप जीवित छ, त्यही तोप कहिले हराउने हो पत्तो छैन, यहाँका महत्वपूर्ण सामाग्रीहरू हराई सकेको अनुमान छ, राज्यले संरक्षणमा लगानी गरे कोतघरलाई पुरानैस्वरुपमा जीर्णोद्धार गर्न सकिन्छ ।" त्यो समयमा सत्रु पक्षबाट बच्नको लागि सेनाले प्रयोग गरेको एक थान तोपको अवशेषमात्र कोत मन्दिरमा सुरक्षित गरेर राखिएको छ । तोपको नाल र पछाडिको भागलाई मन्दिर निर्माण गरी सुरक्षा गरेको कोत मन्दिर व्यवस्थापन समितिका सचिव प्रेम थापाले जानकारी दिनुभयो । थन्थापमाईको क्षेत्रको डोका, देउराली, गुरुङकोट क्षेत्रमा तत्कालिन सेनाले निर्माण गरेका बङ्कर केही पुरिएको तथा केही आधा पुरिएको अवस्थामा छन् । सेनाले ओतको लागि निर्माण गरेका सत्तलको भङ्गावशेष देख्न सकिने सचिव थापाको भनाइ छ । ऐतिहासिक गढी क्षेत्रको संरक्षणमा राज्यले चासो नदिँदा प्राचीनकालका मौलिक सामग्री मासिँदै गएको स्थानीयको गुनासो छ ।

तोपको पाइप्रा र त्यसलाई बाँधिने साङ्लासमेत चोरी भइसकेकाले तत्कालै संरक्षणको पहल गर्नुपर्ने सचिव थापाको भनाइ छ । राजाले दरबार वरिपरि खेती गर्दै आएको जग्गामा कालोपाती, औसेलुलगायतका बिरुवाको झाडी बनेको छ। दरबार, चौपारी जीर्ण भएका छन् । दरबार क्षेत्रदेखि करिब एक सय मिटर पूर्वपट्टि रानीले घाम ताप्दै कपाल कोर्ने गरेको चट्टान जसलाई स्थानीय रानीले कपाल कोर्ने डुङ्गाको नामले पहिचान समेत गरिएको छ ।

तीन वर्षअघि गण्डकी प्रदेश सरकारले रु साढे छ लाख र वडा कार्यालयको रु दुई लाख लागतमा सडक मार्गदेखि कोत भवन पुग्ने पक्की पदमार्ग र कोत क्षेत्रको तारबार गरेको भए पनि मुख्य कामजस्तै उत्खनन, सूचना बोर्ड र जीर्णोद्धार गर्न बाँकी रहेको सचिव थापाको भनाइ छ। कोतमा बडादसैं र चैतेदसैंमा विशेष पूजा हुन्छ । उक्त क्षेत्रमा खानेपानी तारवार, झाडी सफा, पहुँचमार्ग विस्तार, ऐतिहासिक गढी संरचनाको पुनःनिर्माण, सूचनामूलक बोर्ड तथा उत्खनन् को काम बाँकी छन् ।

गढी क्षेत्रको संरक्षण, पुनःनिर्माण, उत्थननको लागि राज्यले विशेष ध्यान दिनसके पर्यटनको विकास हुनुका साथै इतिहासको अध्ययनस्थलको रुपमा विकास गर्न सकिने जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बताउनुभयो ।

उहाँले नगरपालिकाले पर्यटन प्रवर्द्धनका लागि ल्याएको योजना त्यही कोत मन्दिर र थन्थापमाईको मन्दिर संरक्षण र जीर्णोद्वारमा केन्द्रित हुने बताउनुभयो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाव |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## पोखरा महानगरपालिका वडा नं. २९ को सार्वजनिक सूचना

म्याग्दी जिल्ला वरंजा गा.वि.स. ७ बस्ने गिता बुढाथोकीको नाममा रहेको साविक शिसुवा-२, हाल पोखरा-२९ को कित्ता नं. १३३९९, १४००१ को क्षेत्रफल १८०.८३ वर्गमिटर भएको जग्गामा घर निर्माण गर्ने क्रममा पश्चिम तर्फको कि.नं. १३३९८, १४००० को सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस वडा कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

सम्पर्क :

पोखरा महानगरपालिका -२९ वडा कार्यालय




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# प्रविधियुक्त सुन्तला बगैँचा व्यवस्थापनले कृषक उत्साहित

-हरि बाँस्तोला

पोखरा, २५ पुस (रासस)

पोखरा महानगरपालिका-२१ फेदीपाटन डाँडाखर्कका कृषक प्रकाश पौडेल यतिखेर निकै खुसी हुनुहुन्छ । घर वरपर लटरम्म पहेँलपुर सुन्तलाले ढाकिएको दृश्यले उत्साहित उहाँ विगतमा मुस्किलले २० मुरी धान फल्ने क्षेत्रमा उत्पादित सुन्तला बेचेरै यस वर्ष ११ लाख रुपैयाँ आम्दानी गर्दा दङ्ग पर्नुभएको छ ।

"भिरालो पाखोमा धेरै दुःख गर्दा वर्षमा जेनतेन २० मुरी धान फल्थ्यो", उहाँले भन्नुभयो, "त्यही ठाउँमा छ सय बिरुवा सुन्तला लगाएकामा अहिले करिब तीन सय ५० बोटमा फल्दा पनि रु ११ लाख आम्दानी भएको छ ।" गत वर्ष उहाँले सात लाख रुपैयाँ आम्दानी गर्नुभएको थियो । लगाइएका सबै बिरुवामा सुन्तला फल्दा हालकोभन्दा दोब्बर बढी आम्दानी हुने उहाँले विश्वास व्यक्त गर्नुभयो। फल साना लाउने र उत्पादन कम दिने पुराना बोट हटाएर नयाँ बिरुवा रोप्ने गरेको उहाँको भनाइ छ । परम्परागतरुपमा ख्याति कमाएको कास्की र आसपासका जिल्लामा सिक्टस ग्रिनिङ भाइरसलगायतका रोगको प्रकोपका कारण सुन्तला सखाप भएका अवस्थामा पोखरा महानगरपालिकाले पाँच वर्षदेखि सञ्चालन गरेको 'मेयर प्रविधिमैत्री सुन्तला बगैँचा व्यवस्थापन कार्यक्रम' आफूहरुका लागि वरदान सावित भएको उहाँले बताउनुभयो ।

झण्डै ४५ वर्षअघि २०३४ सालमा बुबाले सुरु गर्नुभएको व्यावसायिक सुन्तला खेतीबाट राम्रो आम्दानी भए पनि प्रत्येक वर्ष बोट मर्दै गएपछि चिन्तित बन्नुभएका पौडेलले भन्नुभयो, "बढ्दो रोगको कारण नष्ट भइसकेको सुन्तलाका बोट प्रविधियुक्त सुन्तला बगैँचा व्यवस्थापनले बचाउनुका साथै उत्पादनमा समेत वृद्धि हुँदै गएको छ ।" गत वर्ष सुन्तला बिक्री गरेर दुई लाख ५० हजार रुपैयाँ आम्दानी गर्नुभएका स्थानीय अर्का कृषक नारायण पौडेल यस वर्ष तीन लाख ५० हजार रुपैयाँ आम्दानी भएकामा खुसी व्यक्त गर्नुहुन्छ ।

ठेकेदारले तोकेको मूल्यमा सुन्तला बोटबाटै बिक्री गर्न बाध्य भएको बताउँदै उहाँले सरकारले बजारीकरण सहयोग गर्ने हो भने यस वर्षको सुन्तला बिक्रीबाट पाँच लाख रुपैयाँभन्दा बढी आम्दानी हुने उल्लेख गर्नुभयो । उत्पादित सुन्तला बिक्री हुँदैन कि भन्ने चिन्ता भने यहाँका किसानलाई छैन । ठेकेदार बगैँचामै खरिद गर्न आउने उनीहरु बताउँछन् । फेदीपाटनका कृषकले यस वर्ष ठेकेदारमार्फत सुन्तला बिक्रीबाट ३० लाख रुपैयाँ आम्दानी गर्न सफल भएका छन् । सिक्टस ग्रिनिङलगायतका भाइरस रोगका कारण सुन्तलाखेती सङ्कटग्रस्त बन्दै गएपछि व्यावसायिक सुन्तला खेतीमा कृषकलाई प्रेरित गर्ने उद्देश्यले महानगरले सो अभियान सञ्चालन गरेको हो ।

किसानलाई प्रोत्साहन गर्दै सुन्तला क्षेत्रको विस्तार गर्ने लक्ष्यका साथ पाँच वर्षदेखि सञ्चालित अभियानअन्तर्गत हालसम्म पाँच सय कृषकलाई ६५ लाख रुपैयाँ अनुदान प्रदान गरिएको छ । यस आर्थिक वर्षका लागि २० लाख रुपैयाँ बजेट विनियोजन गरिएको महानगर कृषि महाशाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो ।

मलखाद प्रयोग गरेका पाँच वर्षमाथिका बिरुवाको प्रतिबिरुवा रु ३०, बोडो पेस्टलगायतका बिरुवाको रु ३०, बोडो मिक्स्चर स्प्रे गरेका बिरुवालाई रु २० र छापो प्रयोग गरेका बिरुवालाई रु २० का दरले प्रोत्साहनस्वरुप अनुदान प्रदान गर्दै आएको बताउँदै उहाँले घोषित पकेट क्षेत्रका दुई सय चारभन्दा बढी बगैँचाका २० हजार बिरुवाले उत्पादन दिएको बताउनुभयो। महानगरपालिका-२१ को फेदीपाटन र कृस्ती तथा वडा नं २२ को खाल्सेमा यो अभियान सञ्चालन भएको छ । महाशाखा प्रमुख कडरियाले भन्नुभयो, "चालु आवमा दुई सय चार कृषकलाई सुन्तला बगैँचामै पुगेर बोट सङ्ख्याका आधारमा रु २० लाख बराबरको अनुदान वितरण गरिएको हो ।" कास्कीको यो क्षेत्र असिनाजन्य विपद्बाट बढी प्रभावित हुने जिल्ला भएकाले त्यसबाट पनि सुन्तलालाई जोगाउन आवश्यक छ। कडरियाले भन्नुभयो, "असिनाबाट क्षति कम गर्नका लागि सुन्तलाको बोटमाथि नेट राख्नुको विकल्प छैन ।" एक रोपनी क्षेत्रफलमा नेट लगाउँदा २५ देखि ३० हजारसम्म खर्च लाग्छ । नमुनाका रुपमा कृषकले केही बगैँचाका बोटमा नेट राखेका थिए तर यस वर्ष भने असिना नपर्दा कृषकले राम्रोसँग खेती भित्र्याएका छन् । पाँच वर्षभन्दा माथिका सुन्तलाका बोटलाई महाशाखाले रु १०० अनुदान दिँदै आएको छ। पाँच हजार अनुदान प्राप्त गर्ने कृषकबाट रु चार सय र त्योभन्दा माथिको हकमा आठ सय रुपैयाँ कट्टा गरी उक्त रकमबाट सुन्तलाका नयाँ बिरुवा रोप्न कृषकलाई प्रेरित गर्दै आएको उहाँको भनाइ छ। बगैँचा व्यवस्थापन कार्यक्रमले बोटको संरक्षण गर्दै उत्पादनमा समेत वृद्धि भई व्यावसायिक सुन्तला खेतीमा आशा जगाएको फेदीपाटनका कृषक नारायण पौडेल बताउनुहुन्छ । प्रत्येक वर्ष सुन्तला खेतीमा रोगको प्रकोपसहित जङ्गली जनावरबाट पनि यहाँका किसानलाई ठूलै क्षति हुने गरेको छ । जङ्गली जनावरको आगमनका लागि विशेष ध्यान दिइएका कारण विगतको तुलनामा यसवर्ष वन्यजन्तुले धेरै क्षति गर्न पाएन । साथै, महानगरले सञ्चालन गरेको बगैँचा व्यवस्थापन कार्यक्रममार्फत कृषकहरूमा जनचेतना अभिवृद्धि हुँदा उत्पादनमा वृद्धि भएपछि यहाँका कृषकमा सुन्तला खेतीप्रति आकर्षण बढेको छ। दुई दशकअघिसम्म कास्कीका अधिकांश स्थानमा सुन्तला राम्रै फल्ने गर्दथ्यो । सुन्तलाकै कारण जिल्लाको भरतपोखरी, हंसपुर, दोपहरे फेदीपाटन, मास्पाटन, खर्च्याङ, खाल्से, कृस्तीजस्ता ठाउँहरु चर्चित थिए । पछिल्ला वर्षमा भरतपोखरी, हंसपुर, पुरञ्चौर लगायतका क्षेत्रमा रोगको प्रकोपका कारण बोट टुप्पाबाट सुकेर मरेपछि सुन्तला चाख्न पनि रहर बनेको छ । महानगरले सञ्चालन गरेको यस कार्यक्रमको पकेट क्षेत्रमा भने कृषकहरुले सुन्तला बिक्रीबाट मनग्गे आम्दानी गर्न थालेका छन् । पोखरा बजारसहित हिमाली क्षेत्रको दृश्यावलोकन गर्न सकिने प्रचुर पर्यटकीय सम्भावना रहेको यस क्षेत्रमा बिहानको भुल्के घाम पर्ने पारिलो पाखोमा फलेका सुन्तलाका दाना ठूलो र खाँदा स्वादिलो भएको कारण यहाँको सुन्तलाको बजार मूल्य राम्रो रहेको पोखरा महानगरपालिका-२१ का अध्यक्ष दिपक सुवेदी बताउनुहुन्छ। उहाँका अनुसार उत्पादन सुन्तला बिक्रीबाट कृषकले लगभग रु १० करोड बढामा भित्र्याएका छन् । सम्भाव्यता अध्ययनका आधारमा अन्य स्थानमा पनि सुन्तला खेती विस्तार गर्नका लागि कृषकलाई आवश्यक सहयोग गर्ने तयारी भइरहेको छ। यस क्षेत्रमा उत्पादित सुन्तला पोखरालगायत मुख्य सहर काठमाडौँ, भरतपुर, विराटनगरसम्म पुऱ्याउने गरेको ठेकेदार बताउँछन् ।

पोखरा महानगरपालिका कृषि महाशाखाले सञ्चालन गरेको कार्यक्रम लागू भएका क्षेत्रमा उत्पादित सुन्तलाको हालै प्रदर्शनी आयोजना गरिएको थियो। सुन्तला खेतीतर्फ कृषकलाई थप आकर्षण गर्ने लक्ष्यका साथ पोखराको बिरौटामा यही पुसको ११ देखि १४ गतेसम्म सञ्चालन भएको प्रदर्शनीमा तीन लाख मूल्यबराबरको सुन्तला बिक्री भएको महानगरले जनाएको छ ।

बोटमा फलेका सुन्तला टिपेर बिक्री गरी राम्रो आम्दानी लिएका कृषक यतिखेर तिनै बोट गोडमेल र उपचारमा व्यस्त भएका छन् । यसवर्षको उत्पादन लिएका कृषक अर्को वर्ष उत्पादन वृद्धि गर्ने लक्ष्यका साथ गोडमेलसहित बगैँचा व्यवस्थापनमा जुटेका हुन् । पोखरा फेदीपाटनका कृषक नारायण पौडेल, प्रकाश पौडेललगायतका अधिकांश कृषक यतिखेर सुन्तलाको बोटको फेदमा प्राङ्गारिक मल, पानी र छापोकृषि चुनासहित बोटमा निलोतुथोको मिश्रण छर्न व्यस्त देखिनुहुन्छ । महाशाखा प्रमुख मनहर कडरियाका अनुसार यसवर्ष कार्यक्रम लागू भएका तीनवटै समूहमा एक/एक थान पावर स्प्रे अनुदानमा उपलब्ध गराइएको छ ।

# पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ कास्कीको ११ औं अधिवेशन

पोखरापत्र संवाददाता

पोखरा, २५ पुस



नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ कास्कीको २९औं साधारण सभा तथा ११औं अधिवेशन सम्पन्न भएको छ । अधिवेशनबाट अध्यक्षमा कविन्द्र पोखरेल निर्वाचित भएका छन् ।

त्यस्तै महासंघको अधिवेशनबाट प्रथम उपाध्यक्षमा सुरेश ढुंगाना, द्वितिय उपाध्यक्षमा ध्रुव पोखरेल, सचिवमा सञ्जय आचार्य, सहसचिवमा रामप्रसाद सुवेदी र कोषाध्यक्षमा सूर्यमोहन आचार्य निर्वाचित भएका छन् ।

त्यसैगरि कार्यसमिति सदस्यमा दीपेन्द्र पोखरेल, सुजित गौतम, रमेश पौडेल, टिकाराम अधिकारी, प्रकाश प्रसाद पोखरेल, सुनिल सुवेदी, विष्णुप्रसाद पौडेल, दीपक सुवेदी, सकुन्तला पौडेल, लालवीर चौधरी, भुवन अधिकारी र डिप्लव केसी निर्वाचित भएका छन् । यस अगाडि साधारण सभा तथा अधिवेशनको उद्घाटन गर्दै गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले मानव सभ्यता संस्कारको बुद्धिलाई निखारदै लैजाने महत्वपूर्ण माध्यम पुस्तक रहेको बताए । पुस्तक सभ्य समाजको शुरुवातदेखि अन्त्यसम्म रहने ज्ञानको भण्डार भएको उनको भनाई थियो । साथै पुस्तक तथा स्टेशनरी व्यवसाय त्यति सहज नभएको गण्डकी प्रदेश प्रमुख गुरुङले बताए ।

त्यस्तै साधारण सभाका सभाध्यक्ष बैकुण्ठ प्रसाद पौडेलले पुस्तक तथा स्टेशनरी व्यवसायलाई जोगाउदै कसरी अगाडी बढाउने भन्ने विषयमै केन्द्रीत रहेर अगाडी बढेको आफ्नो कार्यकालको अनुभव सुनाए । साथै सबैको महत्वपूर्ण भुमिकाले गर्दा आफ्नो कार्यकाल सफल भएको र साथ दिने सबैलाई धन्यवाद ज्ञापन गरे । साधारणसभा तथा अधिवेशनको उद्घाटन सत्रमा वर्षेनी गर्दै आएको उत्कृट तीन व्यवसायीलाई सम्मान गरिएको थियो । साथै यस वर्षबाट कास्कीमा क्रियाशिल पत्रकारिता गर्दै आएका एक जना पत्रकारलाई दोसल्ला, नगद र सम्मान पत्रले सम्मान गरिएको थियो । सम्मानित उत्कृष्ट तीन व्यवसायीमा महासंघ कास्कीका पूर्व अध्यक्ष ऋषिराम शर्मा भण्डारी, व्यवसायी कमला सुवेदी र भोलानाथ अधिकारीलाई सम्मान गरिएको थियोभने क्रियाशिल पत्रकारकोरुपमा गन्थन डटकमका समाचार प्रमुख राजु गिरीलाई सम्मान गरिएको थियो ।

# एसओएस गण्डकीमा खेलकुद समारोहको समापन

पोखरापत्र संवाददाता

पोखरा, २५ पुस



पोखराको रामबजारस्थित एसओएस हरमन माइनर विद्यालय गण्डकीको ३९ औं वार्षिक खेलकुद कार्यक्रम समापन भएको छ। बिहीवारदेखि विद्यालयको प्राङ्गणमा सम्पन्न उक्त समारोहलाई पोखरा विश्वविद्यालयका उपकुलपति प्रा.डा. प्रेमनारायण अर्यालले समापन गरे ।

समापन समारोहमा आफ्नो मन्तव्य राख्दै प्रमुख अतिथि डा. अर्यालले विश्वयुद्धबाट प्रभावित बालबालिकाहरूको संरक्षणका लागि हरमन माइनरले महत्वपूर्ण अभियान प्रारम्भ गरेको बताए । एसओएस बालग्रामको परिकल्पना गरेर हरमन माइनरले सञ्चालन गरेको अभियानबाट आज विश्वका धेरै अभिभावकविहिन बालबालिकाहरूको संरक्षण, लालनपालन र शिक्षादीक्षाको यथोचित व्यवस्था गरी एउटा महान् मानवतावादी अभियान सञ्चालन गरेको उपकुलपति अर्यालको भनाइ थियो । एसओएसद्वारा सञ्चालित अभियानबाट आफू प्रभावित भएको बताउँदै प्रमुख अतिथि अर्यालले यस्ता सेवामूलक संस्थाप्रति सङ्घीय, प्रादेशिक र स्थानीय तीनओटै तहका सरकारले विशेष चासो राखेर सहयोग गर्नुपर्ने बताए । उनले खेलकुदमा विद्यार्थीहरूद्वारा प्रदर्शन गरिएको प्रतिभाको प्रशंसा गर्दै उत्कृष्ट विद्यार्थीहरूलाई बधाई पनि दिए । एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्यको अध्यक्षतामा सम्पन्न समारोहमा विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले स्वागत मन्तव्य राखेका थिए । एसओएसको उद्देश्यमाथि प्रकाश पार्दै प्रधानाध्यापक सुवेदीले अभिभावक गुमाएका र गुमाउने जोखिममा रहेका बालबालिकाहरूको संरक्षण गर्दै आइरहेको विद्यालयले बर्सेनि उत्कृष्ट नतिजा प्राप्त गरी नेपालको शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको बताए । सभाअध्यक्षको आसनबाट बोल्दै एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्यले खेलकुदमा विद्यार्थीहरूले प्रदर्शन गरेको प्रतिभाको प्रशंसासहित खेलकुद समारोहलाई सफल बनाउन सहयोग गर्ने सबै पक्षप्रति धन्यवाद ज्ञापन गरे । समारोहमा पोखरा विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायका डिन अजय थापा, एसओएस बालग्राम पोखराका परियोजना निर्देशक लोब्याङ ग्यात्सेन, एसओएस स्कुल गण्डकीका पूर्वप्राचार्य मोहनमुरारी खनाल, कालिका माध्यमिक विद्यालयका प्रधानाध्यापक बलराम गिरी, एसओएस स्कुल पोखराका प्रधानाध्यापक फुर्बु थिन्ले, प्रतिभा माविका प्रिन्सिपल किरण सापकोटा, नेपाल पत्रकार महासङ्घ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमल्सिना, छोरेपाटनस्थित एसओएस व्यावसायिक तालिम केन्द्रका निर्देशक थुप्तेन स्याम्फेल, पोखरास्थित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयका कार्यकारी निर्देशक निर्मला न्यौपाने, एसओएस युवालय गण्डकीका उपनिर्देशक बाबुराम बराल, एसओएस बालग्रामका उपनिर्देशक राजेन्द्र रेग्मी, एसओएस बालग्रामकी आमा प्रतिनिधि सीता केसीलगायतका अन्य विशिष्ट महानुभावहरूको सहभागिता रहेको थियो । खेलकुद समारोहमा विद्यालयमा गठित विभिन्न चार सदनका विद्यार्थीहरूको वाद्यवादनसहितको विशेष मार्च पास्ड, विभिन्न दूरीका दौड, रिले दौड, हाइजम्प, लङजम्प, स्याक रेस, सर्टपुट, टग अफ वारलगायतका अन्तरसदनात्मक खेलहरू आयोजना गरिएका थिए । समारोहमा विद्यालयका शिक्षिकाहरूका बीचमा प्रतियोगितात्मक दौड तथा अभिभावकहरूका बीचमा म्युजिकल चियरसमेत आयोजना गरिएको थियो ।

# तनहुँमा ४२ हजार घरधुरी स्वास्थ्य बीमामा

पोखरापत्र संवाददाता

पोखरा, २५ पुस

तनहुँका ४२ हजार सात सय ५५ घरधुरी स्वास्थ्य बीमामा आबद्ध भएका छन् । स्वास्थ्य बीमा बोर्डको जिल्ला कार्यालयका अनुसार ती घरधुरीका एक लाख सात हजार सात सय २५ स्वास्थ्य बीमाबाट लाभान्वित भएका छन् ।

सरकारले नागरिकको स्वास्थ्य उपचारको व्यवस्था गर्न स्वास्थ्य बीमा बोर्डको गठन गरेको थियो । उक्त बोर्डमार्फत् घर परिवारलाई बीमामा आबद्ध गरी सोहीमार्फत् रु एक लाख रुपैयाँसम्मको उपचार निःशुल्क हुँदै आएको छ । जिल्लामा पहिलो वर्ष आठ हजार सात सय ५१, दोस्रो वर्ष नौ हजार ४३, तेस्रो वर्ष १७ हजार तीन सय ८९, चौथो वर्ष सात हजार पाँच सय ७२ र चालु आर्थिक वर्षमा दुई हजार दुई सय ११ घर परिवार स्वास्थ्य बीमामा आबद्ध भएको कार्यालयकी दर्ता अधिकारी सिर्जना बताउनुभयो । आव २०७४/०७५ बाट लागू भएको उक्त कार्यक्रमअन्तर्गत पाँच जनासम्मको सदस्य भएका परिवारले वार्षिक रु तीन हजार पाँच सय बुझाएर बीमामा आबद्ध हुन सकिन्छ। पाँच जनाभन्दा बढी सदस्य भएमा प्रतिसदस्य थप रु सात सय भुक्तानी गर्नुपर्ने प्रावधान छ। सरकारले विपन्न नागरिकको निःशुल्क उपचार तथा औषधिको व्यवस्थाका लागि स्वास्थ्य बीमाको अवधारणा ल्याएको थियो तर स्वास्थ्य बीमा गर्नेलाई उपचार प्रभावकारी नभएको तथा औषधि पनि पर्याप्त नपाइने गुनासो आउने गरेको छ।

तनहुँमा दमौली अस्पताल, बन्दीपुर अस्पताल, भिमाद प्राथमिक स्वास्थ्य केन्द्र, पुरनडिही प्राथमिक स्वास्थ्य केन्द्र र जिपी कोइराला स्वासप्रश्वास उपचार केन्द्रमा स्वास्थ्य बीमाको सेवा लिन सकिने व्यवस्था गरिएको छ।

वैशाख, जेठ र असार महिनामा दर्ता गर्ने सर्वसाधारणले भदौ १, साउन, भदौ र असोजमा दर्ता गर्ने सर्वसाधारणले मङ्सिर १ गते, कात्तिक मङ्सिर र पुसमा दर्ता गर्ने सर्वसाधारणले फागुन १ गते र माघ, फागुन र चैतमा दर्ता गर्ने सर्वसाधारणले जेठ १ गतेबाट सेवा प्राप्त गर्न सकनेछन्।

# अफ्रिकन 'स्वाइन फिभर'बाट तनहुँमा १२ बङ्गुर मरे

पोखरापत्र संवाददाता

पोखरा, २५ पुस

अफ्रिकन 'स्वाइन फिभर'को सङ्क्रमणका कारण तनहुँमा १२ वटा बङ्गुर मरेका छन्।

भीमाद नगरपालिका-६ स्थित एक फार्ममा आठ र शुक्लागण्डकी नगरपालिकामा चार वटा बङ्गुर मरेका भेटेरिनरी तथा पशुविज्ञ केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो। उहाँले भिमाद नगरपालिकामा पहिलोपटक अफ्रिकन स्वाइन फिभर देखिएको बताउनुभयो । शुक्लागण्डकीका जगत थापाको फार्म चार वटा बङ्गुर मरेको र केही बङ्गुर बिरामी भएको उहाँले जानकारी दिनुभयो । अफ्रिकन स्वाइन फिभरविरुद्ध हालसम्म भ्याक्सिन बनेको छैन। "गतवर्ष काठमाडौँमा अफ्रिकन स्वाइन फिभर देखापरेसँगै जिल्लाका किसानलाई सचेत हुन आग्रह गरेका थियौँ", उहाँले भन्नुभयो।

अफ्रिकन स्वाइन फिभरका कारण बङ्गुरमा उच्च ज्वरो आउने, खाना मन नगर्ने, भोक्राउने, पेट र कानमा रगतका धब्बा देखापर्ने जस्ता लक्षण देखापर्छन् । साथै उक्त सङ्क्रमणका कारण भीमाद नगरपालिकाका सुरवीर थापाको फार्ममा रहेका आठ वटै बङ्गुर मरेका छन् । पोखरास्थित प्रयोगशालामा परीक्षण गर्दा अफ्रिकन स्वाइन फिभर देखिएको केन्द्रका प्रमुख डा श्रेष्ठले जानकारी दिनुभयो । केन्द्रका पशु चिकित्सक र प्राविधिक टोलीले अहिले जिल्लाका बङ्गुर फार्ममा पुगेर अनुसन्धान गर्न थालेका छन्। केन्द्रका प्रमुख डा श्रेष्ठले भन्नुभयो, "यस रोगको प्रकोपका कारण एक चरण बङ्गुर मरेर सकिन्छ होला भन्ने अनुमान गरेका छौँ ।"

# जैमिनीको आफ्नै एम्बुलेन्स, आफ्नै डम्पिङ साइट

पोखरापत्र संवाददाता

बागलुङ, २५ पुस

जैमिनी नगरपालिकाले आफ्नै एम्बुलेन्स खरिद गर्ने भएको छ । नगरपालिकाले एम्बुलेन्स खरिदका लागि रु १५ लाख बजेट कार्यपालिकाको बैठकबाट विनियोजन गरेको छ।

पालिकाले आफ्नै नगरपालिका मातहतमा रहनेगरी नयाँ एम्बुलेन्स खरिद गर्न थालेको उपप्रमुख हरिहर शर्माले जानकारी दिनुभयो ।

जैमिनी नगरपालिकामा सञ्चालित कुश्मिसेरा प्राथमिक स्वास्थ्य केन्द्रको एम्बुलेन्स पटक-पटक बिग्रँदै आएकाले पालिकाले आफ्नै एम्बुलेन्स खरिद गर्ने र व्यवस्थापनको जिम्मा पालिका अस्पताललाई दिने नगर उपप्रमुख शर्माले बताउनुभयो ।

"पालिकामा सञ्चालित एम्बुलेन्स पुरानो भयो, बिग्रिएर समस्या भएपछि आफ्नै एम्बुलेन्स खरिद गर्न थालिएको हो", उपप्रमुख शर्माले भन्नुभयो, "नगरपालिकाले एम्बुलेन्स खरिद गर्ने महत्वपूर्ण निर्णयसँगै जैमिनी नगरपालिकाको फोहोर व्यवस्थापनका लागि ल्यान्ड फिलसाइट निर्माण गर्ने तयारीसमेत थालिएको छ ।"